# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

केन्द्रीय कार्यालय:
बालाजु, काठमाडौं, नेपाल
फोन नं.: ४९५०५२३, ४९५३१३३
४९५०८४९, ४९५०२७४, ४९५१२२४
Email: info@izml.gov.np
Website: www.izml.gov.np


## प्रेस विज्ञप्ती

नेपालको औद्योगिक पूर्वाधारको विकास र औद्योगिकीकरणमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको विशिष्ट स्थान रहेको छ। मुलुकमा उपलब्ध श्रोत साधन, मानवीय ज्ञान, सिप, क्षमता तथा उद्यमशिलता र पूँजीको समुचित परिचालन गरी उद्योगको स्थापना र विकास गर्दै मुलुकलाई औद्योगिकीकरणको दिशामा लैजाने उद्देश्यले उद्योगको स्थापना र सञ्चालन गर्न आवश्यक जमिन, भवन, सडक, ढल, पानी, विद्युत, बैंक, हुलाक, सुरक्षा, दिवा शिशुस्याहार जस्ता सेवाहरु एकीकृतरूपमा एकै स्थानमा उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारबाट विभिन्न दातृ निकाय/राष्ट्रको सहयोगमा औद्योगिक क्षेत्रहरुको स्थापना भएको हो। वि.सं.२०१९ सालमा अमेरिकी सरकारको सहयोगमा नेपालको पहिलो औद्योगिक क्षेत्रका रुपमा बालाजु औद्योगिक क्षेत्रबाट शुरु भई हाल लिमिटेडले मुलुकका विभिन्न १० स्थानमा औद्योगिक क्षेत्रहरुको सञ्चालन तथा व्यवस्थापन गर्दै आएको छ भने थप केही स्थानमा नयां औद्योगिक क्षेत्र स्थापना सम्बन्धी प्रक्रियामा रहेको छ । बालाजु, पाटन, हेटौडा जस्ता औद्योगिक क्षेत्रहरुले सञ्चालनको छ दशक भन्दा बढी अवधि पार गरिसकेका छन् भने सबैभन्दा पछिल्लो औद्योगिक क्षेत्रका रुपमा सञ्चालनमा रहेको गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र, राजविराजले समेत आफ्नो स्थापनाको ४०औं वर्षमा प्रवेश गरेको छ। हाल औद्योगिक क्षेत्र भित्र करीव ७०० भन्दा बढी उद्योग व्यवसाय सञ्चालनमा रही करीव २० हजार भन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका छन् भने यी उद्योग व्यावसायबाट आर्थिक तथा औद्योगिक गतिविधि र नेपाल सरकारले प्राप्त गर्ने राजश्वमा उल्लेखनीय योगदान पुग्न गएको छ।

औद्योगिक क्षेत्रभित्र उद्योगलाई जग्गा तथा भवन वहालमा दिने प्रकृयालाई व्यवस्थित गर्न तथा पारदर्शी बनाउन लिमिटेडले पहिलो पटक वि.सं.२०७१ सालमा औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली, २०७१ र निर्देशिका, २०७१ लागू गरी औद्योगिक क्षेत्र भित्र स्थापना हुने उद्योगको प्राथमिकता निर्धारण गरेको र खुला प्रतिष्पर्धाको आधारमा खाली जग्गा तथा भवन बहालमा लगाउने प्रकृयाको शुरुवात गरेको थियो। लिमिटेडले सो भन्दा अघि उद्योग वा उद्योग संचालन गर्न ईच्छुक निवेदकको निवेदनका आधारमा उद्योगसंग सिधै द्विपक्षीय करार सम्झौता गरी उद्योगलाई जग्गा तथा भवन उपलब्ध गराउंदै आएको थियो। वि.सं.२०७१ साल पूर्व नै बालाजु, पाटन, पोखरा, हेटौडा लगायतका औद्योगिक क्षेत्रभित्र केही संख्यामा गैह्र उत्पादनमूलक उद्योग व्यावसायको प्रवेश भई सञ्चालन भैरहेकोमा औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली, २०७१ लागू भएपश्चात उत्पादनमूलक उद्योगलाई मात्रै प्राथमिकता दिई गैह्र उत्पादनमूलक उद्योग व्यावसायलाई निरुत्साहित गरिएको थियो । उत्पादनमूलक उद्योगलाई भाडादर प्रवर्द्धनात्मक रहेको थियो भने गैह्र उत्पादनमूलक उद्योग व्यवसायलाई फरक गरी व्यवसायिक भाडादर निर्धारण गरिएको थियो । साथै, सवारी साधनको मर्मत केन्द्र (सर्भिस सेन्टर, ग्यारेज वा वर्कसप) जस्ता व्यावसायलाई औद्योगिक क्षेत्र भित्र प्रवेश गर्न रोकिएको थियो । वि.सं.२०७१ पछि कुनै पनि थप सवारी साधनको मर्मत केन्द्र(सर्भिस सेन्टर, ग्यारेज वा वर्कसप) स्थापना भएका छैनन् । औद्योगिक क्षेत्र भित्र सवारी साधन सम्बन्धी कार्य गर्ने उद्योग व्यवसायहरु २०७१ साल अघि नै प्रवेश भई संचालनमा रहँदै आएका छन्।



CamScanner

# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

**केन्द्रीय कार्यालय:**
बालाजु, काठमाडौं, नेपाल
फोन नं.: ४५५०५२३, ४५५३१३३
४५५०८४५, ४५५०२७४, ४५५१२२४
Email: info@izml.gov.np
Website: www.izml.gov.np


यसै सिलसिलामा उद्योगलाई जग्गा तथा भवन वहालमा दिने प्रकृयालाई थप व्यवस्थित गर्न तथा पारदर्शी बनाउन एवं औद्योगिक क्षेत्रभित्र सञ्चालित उद्योग व्यावसायलाई थप व्यवस्थित गर्न आवश्यक भएकोले हालै साविकको औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली, २०७१ र निर्देशिका, २०७१ खारेज गरी औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली, २०८३ लागू गरिएको छ । नयाँ विनियमावली जारी भएपश्चात थप कडाइ गर्दै गैह उत्पादनमूलक उद्योग व्यवसायलाई औद्योगिक क्षेत्र भित्र निरुत्साहित गरिएको छ। गैह उत्पादनमूलक उद्योग व्यवसायलाई ३ वर्षको समय अवधि दिई प्रवेश शुल्कमा छुट गरी उत्पादनमूलक उद्योगमा परिवर्तन गर्ने अवसर प्रदान गरिएको छ। उत्पादनमूलक उद्योगलाई गैह उत्पादनमूलक उद्योगमा हस्तान्तरण गर्न वा परिवर्तन गर्न वा गैह उत्पादनमूलक उद्देश्य थप गर्न वा गैह उत्पादनमूलक उद्योगसंग एक आपसमा गाभ्न निषेध गरिएको छ । विनयमावलीको विनियम ५ अनुसार प्राथमिकताक्रममा नपरेका र सवारी साधनको मर्मत सम्भार गर्ने (सर्भिस सेन्टर, ग्यारेज वा वर्कसप) लगायत क्षेत्रभित्र सञ्चालन गर्न उचित नभएको भनि समितिले ठहर्याएका हाल क्षेत्र भित्र सञ्चालित उद्योग व्यवसायलाई साविककै उद्देश्य कायम राखी सम्झौता नविकरण नहुने व्यवस्था गरिएको छ । यस अघि जग्गा तथा भवन वहाल सम्झौता भई सञ्चालन हुंदै आएका सवारी साधनको मर्मत केन्द्र (सर्भिस सेन्टर, ग्यारेज वा वर्कसप) लाई ५ (पाँच) वर्षभित्र पनि उत्पादनमूलक उद्योगमा रुपान्तरण नगरेमा वहाल सम्झौता रद्द गर्ने व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

**मितिः** २०८३।०७।१० गते मंगलबार

**औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड**
केन्द्रीय कार्यालय, बालाजु, काठमाडौं



CamScanner